# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः२ मितिः २०८१/०१/३०

# भाग-२

**एक वडा एक उत्पादन प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८१**

**खण्ड १–पृष्टभूमिः**

सम्बन्धमा सिस्ने गाउँपालिकाको कृषि क्षेत्रको उत्पादन बृद्धि, व्यवसायीकरण, तथा विविधिकरण, गर्न एक वडा एक उत्पादन प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०८१ तयार गरि लागु गरिएको छ । साना व्यवसायिक कृषि उत्पादन केन्द्रहरू (पकेट) स्थापना गरि व्यवसायिक रूपमा उत्पादन वृद्धि, प्रशोधन वा बजारीकरण गर्न यो कार्यविधि तथार गरि लागु गरिएको छ ।

**खण्ड २ –संक्षिप्त नाम, प्रारम्भ र परिभाषाः**

२.१ यो कार्यविधिको नाम एक वडा एक उत्पादन प्रोत्साहन तथा प्रवर्द्ध कार्यक्रम संचालन कार्यविधि, २०८१ रहेको छ।

२.२ यो कार्यविधी गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुने छ।

२.३ विषय वा प्रसङ्गले नलागेमा यस कार्यविधिमा "कार्यपालिका" भन्नाले सिस्ने गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

“कृषक”भन्नाले व्यवसायिक वा व्यवसाय उन्मुख खाद्यान्नबाली, तरकारीबाली, नगदेबाली, औधोगिकबाली, मसलाबाली,तेलहंनबाली, दलहनबाली, फलफुलखेति, च्याउ खेति, माछापालन,मौरीपालन आदि निश्चित क्षेत्रफलमा खेति गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

“कृषि समूह”भन्नाले करिब १५-३० जनाको कृषक सदस्य रहेको समुहलाइ बुझ्नुपर्दछ ।

“कृषिबिकास शाखा”भन्नाले यस गाउँपालिकाको कृषि शाखा वा कृषि सेवा केन्द्रलाई जनाउनेछ ।

“पकेट”भन्नाले आबश्यकता र स्थानिय सम्भाव्यताका आधारमा सम्भाव्य बाली/बालिबस्तुमा न्युनतम रोपनीमा वासंख्यामा खेति गरेको साना व्यवसायिक उत्पादन केन्द्र सम्झनु पर्दछ। खाद्यान्न बालीको हकमा न्युनतम १५० रोपनी,दलहन/तेलहन बालीको हकमा १०० रोपनी, तरकारी खेति तथा आलु खेतिको हकमा ५० रोपनी, फलफुल खेतिको हकमा १०० रोपनी,मसलाबालिको हकमा ५० रोपनी, कन्ये च्याउको लागि १० च्याउ घर वा ८०० केजी च्याउ बिउ प्रति लटमा प्रयोग, २०० आधुनिक घारमा मौरीपालन गर्ने वा पलास्टिक घरमा गरिने खेतीको हकमा कम्तिमा २० रोपनी क्षेत्रफ़लमा फैलिएको प्लास्टिक घरहरु भएको वा माछापालनको हकमा न्युनतम २० रोपनी जलाशय क्षेत्रफ़लमा फैलिएको माछापोखरी संचालन गरेको साना व्यवसायिक उत्पादन केन्द्र सम्झनु पर्दछ।

“समिति”भन्नाले सम्बन्धित पकेट संचालन समन्वय समिति सम्झनु पर्दछ।

“प्राविधिक समिति”भन्नाले खण्ड ४ को दफा ४.२ अनुसार गठन भएको समितिलाइ सम्झनु पर्दछ।

## खण्ड ३ –उद्येश्य:

३.१ कृषिक्षेत्रको आधुनिकरणमा योगदान पुर्याउने साना व्यवसयिक कृषि उत्पादन केन्द्र (पकेट)हरु बिकास गरि छनोट गरिएको बाली/बस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्दि तथा रोजगारी सिर्जना गरि कृषकहरुको आम्दानी बृद्दि गर्ने।

३.२ सिस्ने गाउँपालिकालाई कृषिमा आत्म निर्भर बनाउन यस गाउँपालिकाको एक वडा एक उत्पादन प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रमलाई लागु गर्न पकेट क्षेत्र निर्माण गरि कृषिमा आत्मनिर्भर बनाउने।

## खण्ड ४ –एक वडा एक उत्पादन पकेट निर्माण:

४.१ पकेट क्षेत्र निर्माणको लागि गाउँपालिका कार्यालयको कृषिविकास शाखाले सूचना मार्फत कृषि समूह/कृषिसहकारी/कृषिफर्म वा उद्धमीलाई प्रस्ताब पेश गर्न आव्हान गर्नेछ। प्रस्ताब पेश गर्दा यस कार्यविधिको खण्ड खको दफा २.३ बमोजिमको पकेट क्षेत्रको लागि एउटा वा सो भन्दा बढी समूह वा फर्मले संयुक्त रुपमा निवेदन पेश गर्न सक्नेछन्।

४.२प्रस्ताब/निवेदन बमोजिम प्राविधिक सम्भाव्यता,उत्पादनको हालको अवस्था,कृषक समूह/कृषि सहकारी/कृषि उद्धमीको सक्रियताकोआधारमा कम्तिमा एकवडा एक पकेट क्षेत्र छनौटको लागि निम्न सदस्य रहेको प्राविधिक समिति रहनेछ।

संयोजक गाउँपालिका अध्यक्ष

सदस्य गाउँपालिका उपाध्यक्ष

सदस्य प्रमुख प्रशासकीय अधिकृत

सदस्य आर्थिक बिकास समिति संयोजक
सदस्य कृषि विकास शाखा प्रमुख
सदस्य पशुसेवा शाखा प्रमुख प्राविधिक
सदस्य सचिब कृषि प्राविधिक

४.३समितिले  आवस्यकता अनुसार कर्मचारी/आर्थिक विकास समिति सदस्य बैठकमा आमन्त्रण गर्न सक्नेछ । समितिले छनौटको बिधि आफै तय गर्न सक्नेछ।

४.४सूचना मार्फत संकलन भएका निवेदन मध्ये स्थानीय तथा प्राविधिक सम्भाव्यताको आधारमा पकेट क्षेत्र निर्धारण गरिनेछ। कृषिज्ञान केन्द्र वा अन्य परियोजना बाट संचालन भएका पकेट क्षेत्र भन्दा अन्य क्षेत्र लाइ प्राथमिकता  दिनुपर्नेछ।

४.५माथि जे भनिएता  पनि बालीहरु रोप्ने समय फरक फरक हुने हुदा सूचना बाहेक अन्य समयमा कृषक फर्म/कृषक समूह/जलउपभोक्ता समितिको माग अनुसार अवस्था हेरी कृषि प्राविधिकले उक्त क्षेत्र उचित देखेमा पकेट संचालन समन्वय समिति गठन गरि  प्राविधिक समिति बाट अनुमोदन गरि कार्यक्रम संचालन गर्न सकिनेछ।

## खण्ड ५– पकेट संचालन समन्वय समितिको गठन:

पकेट संचालनका सम्बन्धमा सम्बन्धित गाउँ कार्यपालिका कार्यालयसंग भएको सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने सम्बन्धमा खण्ड ४ बमोजिम स्थापना भएको पकेट क्षेत्रको व्यवस्थापनका लागि सम्बन्धित कृषक समूह/कृषि सहकारी/कृषि उद्यमि वा जल उपभोक्ता समितिहरुको प्रतिनिधित्व रहने गरि कम्तिमा ३३ प्रतिशत महिला सहितको ७ सदस्यीय पकेट संचालन समन्वय समितिको गठन गररनेछ। यसको लागि पकेट क्षेत्र छनौट भएपछी पकेट भित्र रहेकाकृषक समूह/कृषि सहकारी/कृषि उद्यमि वा जल उपभोक्ता समितिलाइ पकेट संचालन समन्वय समिति गठनको लागि ७ दिनको म्याद सहित पत्राचार मार्फत वा अन्य स्थानीय संचार माध्यम मार्फत आब्हान गरिनेछ। प्राविधिक समितिको निर्णय अनुसार एक भन्दा बढी आबेदकहरुलाई संयुक्त रुपमा समिति गठनको लागि समेत अनुरोध गर्न सकिने छ। तोकिएको अबधिमा समिति गठन भै नआएमा कृषि बिकास शाखाले सहजीकरण गरि ७ दिन भित्र समिति निर्माण गर्न सक्नेछ। समितिको सदस्यहरु सम्बन्धित बालि/बस्तुको व्यवसायिक खेतिमा अनिवार्य संलग्न भएको हुनुपर्ने छ। उक्त समितिमा संयोजक, उपसंयोजक र सचिब एक –एक जना र बाँकी ४ जना सदस्य रहनेछन। पकेट संचालक समन्वय समितिको प्रमुख कार्यकारी पदहरुमा कम्तिमा १ जना महिला हुनु पर्नेछ।सिस्ने गाउँपालिकाको कृषिबिकास शाखा प्रमुख समितिको पदेन सदस्यको रुपमा रहनेछन्। पकेटको संचालन गरिने कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पादन प्रतिबेदन तयार गर्दा निजको सहमति अनिबार्य रहनेछ। कार्यक्रम संचालन हुने सम्बन्धित वडाका अध्यक्ष उक्त समितिको आमन्त्रित सदस्यको रुपमा रहनेछन।

## खण्ड ६– पकेट क्षत्र छनौट प्रक्रिया:

यस कार्यालयको कृषि बिकास शाखा मार्फत १ हप्ते सूचना आवहान गरि निबेदन संकलन गरिनेछ । निबेदन दिन आउदा खण्ड २ को २.३ कोङ मापदण्ड अनुसार खेति गर्न चाहने कृषक समूह/कृषि सहकारी/कृषि उद्यमि वा जल उपभोक्ता समिति वा कृषि फर्मले मात्र निबेदन दिन योग्य हुनेछ। निबेदन दिन आउदा एक प्रति निर्णय

प्रतिलिपि, खेति गर्नको लागि चाहिने जग्गाको क्षेत्रफल खुल्ने कागजात, निबेदकको नागरिकताको प्रतिलिपि, फार्मको हकमा पान भ्याट नम्बर र फार्म दर्ता प्रमाण पत्र समेत बुझाउनु पर्ने छ।

संकलित प्रस्ताब निबेदनहरू मध्यबाट व्यवसायिकता, सम्भावना, नयाँ कृषि उपजको उत्पादन, उच्च मूल्य बालीहरू आदिको आधारमा पकेट क्षेत्र निर्माण समितिले निर्णय गरि सोहि पकेट क्षेत्रलाइ कृषि बिकास शाखाले सुचना वा पत्र मार्फत पकेट क्षेत्र संचालन समिति गठन गर्न आबहान गर्नेछ। पकेट छनोट गर्दा एकै वार्ड अथवा एकै कलस्टरमा रहेको क्षेत्रलाइ छनौट गरिनेछ। पकेट एउटा वडामा एउटा वा एकै वडामा धेरै पकेट क्षेत्र पनि रहन सक्नेछन।

## खण्ड ७ – पकेट कार्यक्रम संचालन प्रक्रिया:

पकेट संचालन समन्वय समितिले कृषि बिकास शाखा संग समन्वय गरि पकेट क्षेत्रको तोकिएको बजेटको कार्यक्रम निर्माण गर्न सक्नेछन कार्यक्रम गर्दा पकेट क्षेत्रको आवस्यकताको आधारमा बिउ बिजन खरिद बिषादि तथा मल खरिद आजार उपकरण वा फार्म मेशनरि खरिद लगायतका कार्य गर्न सक्नेछन भने अनुदान प्रतिशत ५० % मात्र हुनेछ साथै संरचना निर्माण जस्तै साना सिंचाई निर्माण जस्ता कार्यको लागि ८५% अनुदान हुनेछ बाँकि रकम कृषकहरुलेनै व्यहोर्नु पनै छ सोहि कार्यक्रम पकेट संचालन समन्वय समितिले निर्धारण गरेपछि यस कार्यलय सँग सम्झैता गरि कार्यक्रम अगाडी बढाउन सक्नेछ पकेट क्षेत्रमा आवस्यकता अनुसार कृषि प्राबिधिकले स्थलगत तालिम तथा अभिमुखीकरण तालिम दिनेछन तालिम तथा ढुवानी खर्च १००% अनुदानमा संचालन हुनेछन । सोही कार्यक्रममा आधारमा गाँउ कार्यालिका कार्यालयमा आवश्यक कागजातको आधारमा कार्य सम्पन गरिसकेपछि अनुदान रकम भुक्तानी दिनेछ आवश्यकता परेमा कृषि बिकास शाखाले कृषि सामगी खरिद गरि बितरण समेत गर्न सक्नेछ ।

## खण्ड ८ – बिबिध:

यस कार्यबिधीमा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रचलित नियम कानुन निदैशिका बमोजिम हुनेछ ।यस कार्यविधिले ब्यबस्था गरेको कुनै प्राबधान कार्यन्वयन गर्दा बाधा अडकाउ फुकाउन परेमा समितिको क्षेत्रभित्र पर्ने समितिले अन्य जटिल नितिगत अबस्थामा कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ।